**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

आठराई गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड ४ | संख्या १ | मितिः २०७७/०६/०२ |

**भाग-२**

**आठराई गाउँपालिका**

**तेह्रथुम**

**१ नं. प्रदेश**

# आठराई गाउँ कार्यपालिकाको " **ब्याक हो लोडर**" सञ्चालन सम्वन्धि कार्यविधी, २०७७

# ब्याक हो लोडर सञ्चालन सम्वन्धि कार्यविधी, २०७७

आठराई गाउँपालिकाख क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास लगायत यस क्षेत्रका अन्य छिमेकी जिल्ला, गाउँपालिका तथा नगरपालिकाहरुमा समेत निर्माण गरिने भौतिक पूर्वाधारका कार्यहरुमा स–शुल्क प्रयोग गर्नका लागि यस कार्यालयले खरिद गरेको **प्रदेश-१-०२-००१ग-०१७९** नम्वरको ब्याकहो लोडर संचालन र व्यवस्थापनका लागि देहायका शर्त, वन्देजमा रही संचालन गर्ने गराउने गरी यो **"ब्याक हो लोडर संचालन कार्यविधी, २०७७"** स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधीको नाम **" ब्याक हो लोडर संचालन सम्वन्धि कार्यविधी, २०७७"** रहने छ ।

(ख) यो कार्यविधी आ.व. २०७७/०७८ को श्रावण १ गतेबाट देखि लागु भएको मानिनेछ ।

## २. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) ऐन, भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) गाउँपालिका, भन्नाले आठराई गाउँपालिका कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) गाउँसभा, भन्नाले आठराई गाउँपालिका कार्यालयको गाउँसभालाई सम्झनु पर्दछ ।

(घ) अध्यक्ष भन्नाले आठराई गाउँ कार्यपालिकाको अध्यक्ष लाई सम्झनु पर्छ ।

(ङ) उपाध्यक्ष भन्नाले आठराई गाउँपालिकाको कार्यपालिकाको उपाध्यक्ष लाई सम्झनु पर्छ ।

(च) गाउँपालिका वोर्ड, भन्नाले आठराई गाउँपालिका गाउँ कार्यपालिकाको वोर्डलाई सम्झनु पर्दछ ।

(छ) प्रमुख प्रशासकीय अधिकृत, भन्नाले आठराई गाउँपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) समिति भन्नाले यस कार्यविधि बमोजिम ब्याक हो लोडर संचालन गर्न बनेको समितिलाई सम्झनु पर्छ।

(झ) यस कार्यविधिमा "मेशिन वा लोडर वा डोजर" भन्नाले ब्याक हो लोडर सम्झनु पर्छ ।

(ञ) अपरेटर भन्नाले ब्याक हो लोडरको चालक सम्झनु पर्छ ।

(ट) सहायक अपरेटर वा अपरेटर सहायक भन्नाले अपरेटरलाई सहायोग गर्ने व्यक्ति भनी सम्झनु पर्नेछ ।

(ठ) कार्यालय भन्नाले आठराई गाउँपालिका कार्यालयलाई सम्झनु पर्छ ।

## ३. उद्देश्य

आठराई गाउँपालिका कार्यालयवाट संचालन गरिने भौतिक विकासका कार्यक्रमहरु, स्थानीयवासी, संघसंस्था, नेपाल सरकारद्धारा संचालित विकास आयोजनाहरु,प्रदेश सरकारबाट संचालित विकास आयोजनाहरु,दातृ निकायवाट संचालन हुने विकास आयोजनाहरु तथा छिमेकी गाउँपालिका तथा नगरपालिकाहरुका विकास कार्यक्रमहरुमा माग भए अनुसार प्राथमिकताका आधारमा प्रयोगमा पठाउनका लागि आवश्यक भूमिका निर्वाह गर्नु नै कार्यविधीको प्रमुख उद्देश्य रहने छ ।

## ४. सञ्चालन विधी

आठराई गाउँपालिका कार्यालयमा रहेको ब्याक हो लोडर संचालनका लागि देहायको प्रकृया पुरा भए पश्चात मात्र फिल्डमा खटाइनेछ ।

(क)ब्याक हो लोडर माग गर्ने व्यक्ति वा संस्थावाट गाउँपालिका कार्यालयले स्वीकृत गरेको फारामको ढांचामा दरखास्त पेश गर्नुपर्नेछ । माग गर्ने व्यक्ति वा संस्थाले लोडर प्रयोग हुने स्थान विवाद रहित भएको र सोको प्रयोगबाट निजी,सरकारी,संघसंस्था,सार्वजनिक सम्पत्ति वा कसैलाई हानी नोक्सानी नपुग्ने स्थानमा प्रयोग गर्ने गरी माग गर्नु पर्नेछ ।

(ख) ब्याक हो लोडर माग गर्ने व्यक्ति वा संस्थाको माग निवेदन उपर कार्यालय प्रमुखवाट आदेश भए पश्चात के कति समयका लागि माग गरिएको हो, माग गरिएको समय वरावरको गाउँपालिका कार्यालयले तोके अनुसारको शुल्क अग्रिम गाउँपालिका कार्यालयमा नगदै वा तोकिएको बैंकमा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

(ग) ब्याक हो लोडर माग गर्ने व्यक्ति वा संस्थाले गाउँपालिका कार्यालयले तोकेको शुल्क वुझाए पश्चात गाउँपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खटाईने छ । यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमिकताका साथ खटाउने व्यवस्था मिलाईने छ ।

(घ) ब्याक हो लोडर अपरेटरलाई गाउँपालिका कार्यालयको स्वीकृत लिखित आदेश विना कुनै स्थान विशेषमा मेशिन लागि काम गर्ने गराउने अधिकार रहने छैन ।

(ङ) निवेदकले माग गरिएको समय भन्दा वढी समय सम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल कार्यालय प्रमुखलाई खवर गरी थप कार्यआदेश लिएर थप समयको रकम अग्रिम गाउँपालिकामा जम्मा गर्न लगाएर मात्र मेशिन संचालन गर्नु पर्नेछ ।

(च) मेशिन प्रयोग गरे वापत प्रति घण्टा वा दिनको शुल्क निर्धारण गरि तोकिए वमोजिम हुनेछ ।

(छ) मेशिन फिल्डमा खटाउँदा कार्यालय कम्पाउण्ड देखि काम सम्पन्न गरी पुनः कार्यालय फिर्ता भए सम्मको मिटरको हिसाव गणना गरी लाग्ने शुल्क मेशिन प्रयोगकर्ताले वुझाउनु पर्नेछ ।

(ज) अभिलेख अद्यावधिकका लागि कार्यालयवाट आवश्यक फारामहरुको व्यवस्था गरिने छ ।

(झ) गाउँपालिकाको कार्यालयवाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरी लगत खडा गरिनेछ ।

(ञ) ब्याक हो लोडर माग गर्ने व्यक्ति वा संघसंस्थाले ब्याकहो लोडर शुल्क वुझाउदा आठराई गाउँपालिका कार्यालयको नेपाल बंगलादेश बैक तेह्रथुममा रहेको यस आठराई गाउँपालिको कार्यालयका धरौटी खाता मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ वा कार्यालयको राजस्व काउण्टरमा नगदै जम्मा गर्न सकिनेछ ।

(ट) ब्याक हो लोडर काममा खटीई तोकिएको समय भन्दा अगावै काम सम्पन्न भई प्रयोगकर्ताको धरौटी रकम संचित रहेको खण्डमा अपरेटरको तथा योजना शाखा वा प्राविधिक शाखाको सिफारीसका आधारमा मात्र कार्यालय प्रमुखको आदेशको आधारमा संचित समय वापत हुन आउने रकम माग गरेको एक हप्ता भित्र चेक द्धारा फिर्ता गरिनेछ ।

## ५. इन्धन तथा मर्मत सम्वन्धि व्यवस्था

(क) मेशिन अपरेटरले इन्धन तथा लुव्रिकेन्टस माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नु पर्नेछ । इन्धन तथा लुव्रिकेन्टस खपतको अद्यावधिक लगत मेशिन अपरेटरले तयार गरि इन्जिनियरको सिफारिस सहीत कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(ख) इन्धन तथा लुव्रिकेन्टस र मर्मत सम्वन्धि सम्पूर्ण कार्यको विस्तृत लगत गाउँपालिकाको जिन्सी शाखामा अद्यावधिक राखिनेछ ।

(ग) मेशिन विग्रिएमा विग्रिएको लिखित जानकारी मेशिन अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ । कार्यालयवाट वर्कसपमा चेकजांच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भए पश्चात मात्र मर्मत संभारको कार्य गरिनेछ ।

(घ) मर्मत संभारको कार्य गर्दा गराउँदा मेशिन अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ ।

**६.ब्याक हो लोडर संचालन शुल्क**

कुनै व्यक्ति वा संघ संस्थावाट ब्याकहो लोडर माग भै आएमा देहाय वमोजिमको शुल्क नगदै वा तोकिएको वैंक खातामा अग्रिम बुझाउनु पर्नेछ ।

| सि.नं. | कामको प्रकार | यान्त्रिक उपकरणको नाम र दर | कैफियत |
|---|---|---|---|
| | | ब्याकहो लोडर | |
| १. | गाउँपालिका क्षेत्र भित्र उपभोक्ता मार्फत गा.पा.का. योजना | २१००। | |
| २. | आठराई गाउँपालिका क्षेत्रभित्रका बासिन्दाहरुको व्यक्तिगत कामको प्रयोजन | २२००। | |
| ३. | छिमेकी जिल्ला नगरपालिका गाउँपालिका जिल्लाका व्यक्ति तथा ठेकेदारहरु | २२००। | |

**७. जनशक्ति सम्बन्धि व्यवस्था,सेवा सुविधा र कामकर्तव्य :-**

(क) ब्याकहो लोडर संचालनका लागि आवश्यक पर्ने चालक अनुमति पत्र प्राप्त अपरेटर एक जना र एक जना अपरेटर सहयोगी स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम करार सेवामा नियुक्ति गरिनेछ।

(ख) ब्याक हो लोडर अपरेटरलाई बढीमा हेवि सवारी चालक पहिलो तहले पाउने सेवा सुविधा र अपरेटर सहयोगीलाई कार्यालय सहयोगीले पाउने शुरु तलब स्केल बमोजिम उपलब्ध गराईने छ । अपरेटरले विपत व्यवस्थापन जस्ता कार्यमा खटेको अवस्थामा र गाउँपालिकाको कार्यमा खटेको अवस्थामा प्रतिदिन रु.२५०/-रकम थप सुविधा बापत प्राप्त गर्ने छ भने ब्याक हो लोडरले कुनै कसैको कार्य भाडामा गरेको अवस्थामा भाडाबाट उठेको रकमबाट बुंदा नं.८को समितिको निर्णयबाट काम गरेको प्रति घण्टा रु.१५०/-का दरले थप सुविधा पाउनेछ ।

(ग) मेशिन खटी गएको स्थानमा काम सम्पन्न गरि कार्यालय फिर्ता भए पश्चात मेशिन अपरेटरले कामको विवरण सहीत माइल मिटरको अद्यावधिक अभिलेख समिति वा समितिले तोकेको सदस्य समक्ष पेश गर्नु पर्नेछ ।

(घ) अपरेटरले र अपरेटर सहायकले बुँदा ८ को उपबुँदा १ बमोजिमको समितिको प्रत्यक्ष सम्पर्क,निर्देशन र समन्वयमा कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरीत काम गर्नाले कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फि करार भंग गरी क्षतिपूर्ति असुल उपर गरिने छ ।

(ङ) अपरेटर र सहायक अपरेटरले सेवा छाड्न चाहेमा एक महिना अगाडि नै कार्यविधिको बुँदा ८को उपदफा १ बमोजिमको समितिलाई जानकारी गराउनु पर्नेछ ।

(च) अपरेटर सहयोगीले अपरेटरको मातहतमा रही निजले दिएको निर्देशन अनुसार ब्याक हो लोडरको काम गर्नु पर्नेछ । साथै लोडरको सुरक्षा, संरक्षण, संभार गर्नु पर्नेछ ।

**८. ब्याकहो लोडर सञ्चालन समितीः-** (१) ब्याकहो लोडर मेसिनलाई सञ्चालन तथा व्यवस्थापनको लागि तपसिल बमोजिमको एक समिति रहनेछ ।

(क) भौतिक पूर्वाधार संयोजक — संयोजक
(ख) योजना शाखा प्रमुख — सदस्य
(ग) भौतिक पूर्वाधार शाखा ईञ्जिनीयर — सदस्य
(घ) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य
(ङ) जिन्सी शाखा प्रमुख — सदस्य

(२) माथि उप बुंदा नं.१मा रहेको समितिको काम कर्तव्य अधिकार तपसिल अनुसार हुनेछः-

(क) समितिले ब्याक हो लोडरको संचालन सम्बन्धी यस कार्यविधि बमोजिम संचालन गर्नु पर्नेछ,
(ख) लोडर अपरेटर र अपरेटर सहयोगीको कार्यको कार्य विवरण बनाई खटाउने निजहरुको अभिलेख राख्ने,
(ग) लोडर माग निवेदन अनुसार उपयुक्त भए नभएको हेरी बुझी लोडर खटाउने,
(घ) आम्दानी खर्चको हिसाब किताब राख्ने,

(ङ) गाउँपालिकाको जिन्सी शाखासँग समन्वय गरी लोडरको मर्मत संभारको अवस्थाका बारेमा अभिलेख राख्ने,

(च) लोडरको सुरक्षा संभार गर्न लगाउने,

(छ) ब्याक हो लोडरबाट भएका कामको समिक्षा गर्ने,

(ज) मासिक रुपमा गाउँ कार्यपालिकामा लोडरबाट भएको कामको गतिविधि, गर्नु पर्ने कामको कुनै विवरण लगायत गाउँ कार्यपालिकाले माग गरेका विवरण पेश गर्नु पर्ने र

(झ) माथिका बुँदाहरुमा नपरेका ब्याक हो लोडर र जनशक्तिसँग सम्बन्धित अन्य कार्यहरु समेत गर्ने ।

(३) माथि उपबुदा (२) मा उल्लेखित कामकाज गर्नका लागि समितिले कुनै काम गर्नका लागि कुनै सदस्यलाई तोक्न सक्नेछ ।

**९. खाता व्यवस्थापनः**-(१) माथि बुँदा नं.८को उप नियम १ मा उल्लेखित समितिले ब्याक हो लोडर संचालन सम्बन्धी आम्दानी र खर्च स्पष्ट देखिने गरी छुट्टै खाता राख्नु पर्नेछ ।

(२) उपबुँदा १ बमोजिमको रकमबाट लोडर अपरेटर दिनु पर्ने तलब बाहेकका अन्य सुविधाहरु समेत

**१०. विविध**

यस कार्यविधीलाई आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा कार्यालयले थपघट वा संशोधन गर्न सक्नेछ ।

**अनुसूचीहरु :**

अनुसूची १ ब्याक हो लोडर माग दरखास्त फाराम ।

अनुसूची २ ब्याक हो लोडर मर्मत निवेदन फाराम ।

श्री

श्रीमान प्रमुख ज्यू
आठराई गाउँपालिका कार्यालय
सक्रान्तिवजार ,तेह्रथुम

मिति …………………

विषय : **व्याक हो लोडर संचालन सम्वन्धि कार्यविधीको मस्यौदा पेश गरेको सम्वन्धमा ।**

यस आठराई गाउँपालिकाको कार्यालय, सक्रान्तिवजार,तेह्रथुमको …………………… गतेको गाउँपालिका कार्यालयको बोर्ड वैठकको निर्णयानुसार गाउँपालिकामा रहेको व्याकहो लोडर संचालन सम्वन्धि कार्यविधीको मस्यौदा तयार गरि पेश गर्न हामीलाई जिम्मेवारी तोकिए अनुसार यसै प्रतिवेदन साथ व्याकहो लोडर संचालन सम्वन्धि कार्यविधीको मस्यौदा तयार गरि पेश गरेको व्यहोरा अनुरोध गर्दछौं ।

**प्रतिवेदन पेश गर्नेहरु :**

१. रोहीत कुमार कन्दङवा
२. प्रतिक गड्तौला
३. अजेयराज श्रेष्ठ
४. सुजन थापा
५. खगिन्द्र तिम्सीना

## अनुसूची १

श्रीमान  प्रमुख ज्यू, मिति :
आठराई गाउँपालिका कार्यालय
सक्रान्तिवजार,तेह्रथुम

विषय : **व्याक हो लोडर उपलब्ध गरी पांउ ।**

महोदय,

यस आठराई गाउँपालिका कार्यालयको ब्याकहो लोडर तथा व्याक हो लोडर आवश्यक परेकोले देहायको विवरण भरी माग गरेको छु /छौं । ब्याकहो लोडर प्रयोग हुने स्थान सार्वजनिक सम्पत्ती नभएको,ब्याकहो लोडर प्रयोगबाट कसैलाई कुनै प्रकारको हानी नोक्सानी नपुग्ने र त्यस्तो कुनै बाधा विरोध हानी नोक्सानी पुगेमा त्यसको जवाफदेही म स्वयं हुनेछु/हुनेछौं । नियमानुसार लाग्ने शुल्क लिई ब्याकहो लोडर खटाई पांउ ।

**ब्याकहो लोडर माग गर्नेले भर्ने :**

| ब्याकहो लोडर तथा व्याक हो लोडर माग गर्ने व्यक्ति वा संस्था वा उपभोक्ता समितिको नाम, ठेगाना | कामको विवरण | ब्याकहो लोडर तथा व्याक हो लोडर प्रयोग हुने स्थान | अनुमानित लाग्ने समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

.................................
माग गर्नेको दस्तखत

**गाउँपालिका कार्यालयको तर्फवाट भर्ने :**

| न.पा. वाट खटीने स्थान सम्म लाग्ने अनुमानित समय | माग गरिएको समय र दिन | अनुमानित लाग्ने समय | अनुमानित समयको शुल्क | जम्मा गर्ने शुल्क |
|---|---|---|---|---|
| | | | | |

..........................
पेश गर्ने

...........................
चेक गर्ने

......................
सिफरिस गर्ने

**राजस्व शाखाले भर्ने :**

| रसिद नं. र मिति | जम्मा गरिएको रकम | रकम वुझ्नेको दस्तखत |
|---|---|---|
| | | |

..............................
**स्वीकृत गर्नेको दस्तखत**

## अनुसूची २
### ( ब्याकहो लोडर तथा व्याक हो लोडर मर्मत सम्वन्धि निवेदनको ढांचा )

श्रीमान प्रमुख ज्यू
आठराई गाउँपालिका कार्यालय
बसन्तपुर,तेह्रथुम

मिति :

विषय : **ब्याकहो लोडर तथा व्याक हो लोडर मर्मत सम्वन्धमा ।**

महोदय,

यस आठराई गाउँपालिकाको ब्याकहो लोडर तथा व्याक हो लोडरको तपशिलको पार्टसमा खरावी आई संचालनमा वाधा परेकोले चेकजांच गराई मर्मतको व्यवस्था मिलाई दिनुहुन यो निवेदन गर्दछु । श्रीमानको जो आदेश ।

**तपशिल**

| समस्या आएको सामान वा पार्टसको विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मेशिन अपरेटरको दस्तखत :
..........................
नाम :